# सयुक्त श्वेत पत्र

## जुन २१, २०२०

कोभिड-१९ को विश्व महामारीवाट संसारभरका सवै जसो संघ संस्थाहरु जस्तै हाम्रो संस्था हेल्थ फाउन्डेसन नेपाल पनि प्रभावित भएको छ । सरकारवाट कोरोना रोकथामकोलागि अपनाईएका कठोर उपायहरु र लामो समयको वन्दावन्दि को कारणले हाम्रा समुदाय स्तरमा संचालित सवै जसो नियमित कार्यक्रमहरु अवरुद्ध हुन पुगेका छन । तथापि हेल्थ फाउन्डेसन नेपालले भएका स्रोत साधन प्रयोग गरेर प्रभावित समुदाय सम्म पुग्न प्राथमिक मनोवैज्ञानिक सहयोग, नसर्ने रोग सम्वन्धि अत्यावश्यक जानकारी, सल्लाह र प्रेषण, सुरक्षित मातृत्व, परिवार योजना तथा वाल पोषण सम्वन्धि अत्यावश्यक जानकारी तथा सल्लाह टेलि हेल्थ (टोल फ्रि नम्वर) मार्फत निःशुल्क प्रदान गरिरहेको छ। त्यस्तै सामाजिक मिडिया तथा अन्य सम्भावित डिजिटल टुलहरुको प्रयोग गरेर कम्प्युटर तथा स्वास्थ्य शिक्षा सम्वन्धि गतिविधिहरु तथा अन्य कम्प्युटरमा आधारीत कार्यहरु सुचारु गरिरहेको छ। स्वास्थ्य सेवा प्रणाली सुदृढिकरण अन्तर्गत केही अस्पतालहरुमा स्वास्थ्य सेवाको अग्र स्थानमा रहेर कार्य गरिरहनु भएका स्वास्थ्य सेवा प्रदायकहरुको स्वास्थ्य सुरक्षाकोलागि अल्ट्राभ्वाईलेट प्रकाश प्रयोग गरि मास्क तथा अन्य सामग्रीहरु निर्लमलिकरण गर्ने कार्यको संयोजन समेत गरिरहेको छ ।

हेल्थ फाउन्डेसन नेपालले मुख्य रुपमा इन्डिभिजुअल डोनेसन तथा क्राउड सोर्सिङ (व्यक्तिगत तथा समुहमा आधारित डोनेसन) मार्फत र कार्यक्रम विशिष्टिकृत छोटो समयका परियोजनाहरु संचालन गरेर संस्था संचालन गरिरहेको छ । कोभिड १९ को कारणले हाम्रो वित्त र कार्यक्रम दुवैमा असर परिरहेको छ । यस घडिमा हामी हेल्थ फाउन्डेसन नेपाल मार्फत संचालित सवै कार्यक्रमहरुको दिगोपना तथा उपयुक्त व्यवस्थापनकोलागि प्रयासरत छौं । कोभिड १९ को कारण हाम्रा सवै कार्यक्रमहरु तथा गतिविधहरु प्रभावित भएका छन र यो क्रम अझै केहि समय रहने निश्चित छ । जसको फलस्वरुप आर्थिक तथा प्राविधिक कारणले हाम्रा लाभान्वित समुदाय, कर्मचारीहरु तथा अन्य सवै शुभचिन्तकहरुमा असुविधा तथा अप्ठ्यारो पर्न सक्ने संभावना देखिन्छ । तर पनि यो महामारीको छिट्टै अन्त भई फेरी पनि हामी पहिले झैं जुरुमुराउन सक्ने छौं र समुदाय तथा कार्यालयका नियमित कार्यमा फर्किन सक्ने विश्वास व्यक्त गर्दछौं । संकटको यस घडिमा हामीले पाएको साथ र सहयोगकोलागि सवैलाई धन्यवाद व्यक्त गर्दछौं ।

Ashok Devkota

.........................
डा. रन्जन सापकोटा
अध्यक्ष
हेल्थ फाउन्डेसन नेपाल (नेपाल)

.........................
डा. अशोक देवकोटा
अध्यक्ष
हेल्थ फाउन्डेसन नेपाल (अमेरिका)